नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०७९/८०
चलानी नं. : ८४

मिति : २०७९/०४/१५

श्री हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड (HDHPC)
कालोपुल, काठमाडौं ।

विषय : धितोपत्रको कारोबार रोक्का गरिएको र स्पष्टिकरण पेश गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस लिमिटेडमा सूचीकृत श्री हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड (HDHPC) ले मिति २०७९/०४/१३ गते दिनको ११:०० बजे नेप्सेको कारोबार समय भित्र त्यस कम्पनीको सञ्चालक समितिको बैठकले आफ्ना शेयर धनिहरुलाई १:०.७५ प्रतिशत हकप्रद शेयर दिने विशेष प्रस्ताव गरेको जानकारी यस स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/०४/१३ गते २:५२ बजे गराएको । धितोपत्र सूचीकरण विनियमावली, २०७५ मा भएको व्यवस्था अनुसार विनियम २२(१) बमोजिम जानकारी नगराएको र सोही दिन कारोबार समयमा बैंठक बसी धितोपत्रको कारोबार तथा मूल्यसँग सम्बन्धित संबेदनशिल सूचना तथा जानकारी सर्बसाधारणलाई सूचनाको पहुँचबाट सो कम्पनीका पदाधिकारीबाट बञ्चित गराई धितोपत्रको मूल्यमा प्रभाव पारेको । त्यस्तै धितोपत्र सूचीकरण सम्बन्धी सम्झौता पत्रको बुदाँ नं. १० मा भएको व्यवस्था अनुसार संगठित संस्थाको धितोपत्र दर्ता किताव बन्द गर्नुपर्ने भएमा सोको कारण तथा बन्द रहने अवधि सहितको जानकारी कम्तिमा ७ (सात) दिन अगाडी नेप्सेलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा कम्पनीले उक्त सम्झौता समेत उलंघन गरेको हुदाँ ऐ. विनियमावलीको विनियम १६(ख) मा भएको व्यवस्था अनुरुप उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार रोक्का गरिएको छ । त्यस कम्पनीले के कति कारणबाट नेप्सेको कारोबार समय भित्र सञ्चालक समितिको बैठकले आफ्ना शेयर धनिहरुलाई हकप्रद शेयर दिने विशेष प्रस्ताव गरेको हो ? र शेयरधनी दर्ता किताबको सूचना के कति कारणबाट नेप्सेमा ७ (सात) दिन अगाडी जानकारी नदिएको हो ? यो पत्र प्राप्त भएको मितिले ३ (तीन) कार्यदिन भित्र के कति कारणबाट समयमानै जानकारी दिन नसकेको हो ? सो सम्बन्धमा स्पष्टिकरण पेश गर्न निर्णयानुसार अनुरोध छ ।

बोधार्थ :

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री विद्युत नियमन आयोग, सानोगौचरण, काठमाण्डौ ।
श्री सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान प्रमुख कार्यकारी अधिकृतको सचिवालय, नेप्से ।
श्री प्रणाली सञ्चालन शाखा - उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार रोक्का राख्नु हुन -नेप्से ।

भवदीय,

कुलचन्द्र रिजाल
वरिष्ठ अधिकृत
सूचीकरण शाखा